प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# डिप्लोमा तहको परीक्षा आवेदन फाराम भर्ने बारे अत्यन्त जरुरी सूचना

(मिति २०८२।१०।०६ गते प्रकाशित)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका आंगिक, साझेदारी, सामुदायिक विद्यालय र निजी स्तरमा संचालित शिक्षण संस्थाहरुमा सेमेष्टर परीक्षा प्रणाली अन्तर्गत डिप्लोमा इन इन्जिनियरिङ्ग तर्फका सम्पुर्ण कार्यक्रमहरु, होटल म्यानेजमेण्ट, फुड एण्ड डेरी टेक्नोलोजी, सोसियल वर्क्स, इन्टरप्रेनरशीप डेभलपमेण्ट, ब्युटी एण्ड कस्मेटोलोजी, फेसन डिजाइन र कृषि (वाली बिज्ञान र पशु बिज्ञान)* **प्रथम वर्ष प्रथम खण्ड, दोस्रो वर्ष प्रथम खण्ड र तेस्रो वर्ष प्रथम खण्डको नियमित/आंशिक** परीक्षाहरु **फागुन/चैत्र** महिनामा संचालन हुने भएकोले परीक्षार्थीहरूले परीक्षा आवेदन फाराम भरी बुझाउनका लागि मिति २०८२ साल माघ २० गते भित्र नियमित शुल्कमा र २०८२ साल माघ २७ गते भित्र विलम्ब शुल्कमा तोकिएको हुँदा सम्बन्धित शिक्षण संस्थाहरूले अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भराउन हुन यो सूचना प्रकाशित गरिएको छ।

**प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम (दलित, मुस्लिम र बिपन्न/प्राविधिक शिक्षामा पहुँच नपुगेका पालिका)** अन्तर्गत डिप्लोमा इन सिभिल, सिभिल (स्पेसलाइजेशन इन हाइड्रोपावर), अटोमोवाइल, जियोमेटिक्स, इलेक्ट्रिकल, रेफ्रिजेरेशन एण्ड एयरकन्डिशनिङ्ग, इन्फर्मेशन टेक्नोलोजी, बायोमेडिकल, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग, फुड एण्ड डेरी टेक्नोलोजी, होटल म्यानेजमेण्ट, इन्टरप्रेनरशीप डेभलपमेण्ट तथा कृषि (वाली बिज्ञान र पशु बिज्ञान)* कार्यक्रमको **प्रथम वर्ष प्रथम खण्ड, दोस्रो वर्ष प्रथम खण्ड र तेस्रो वर्ष प्रथम खण्डको नियमित/आंशिक,** डिप्लोमा इन मेडिसिनल एण्ड एरोमेटिक प्लान्ट्स **तेस्रो वर्ष नियमित तथा प्रथम वर्ष र दोस्रो वर्षको आंशिक** र वार्षिक परीक्षा प्रणालीको २०८१ बैशाख महिनामा भर्ना भएका फार्मेसी (बिशेष छात्रवृत्ति) कार्यक्रमको **दोस्रो वर्षको नियमित तथा प्रथम वर्षको आंशिक परीक्षा** समेत सोही समयमा संचालन हुने भएकाले माथि उल्लेखित मिति र समयमा आवेदन फाराम भर्नु भराउनु हुन अनुरोध छ।

साथै निम्न शर्तहरु पूरा नभएका र तोकिएको समयभित्र आवेदन फाराम नबुझाउने शिक्षण संस्थाका विद्यार्थीहरुलाई परीक्षामा सम्मिलित नगराइने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

**** कृषि (वाली बिज्ञान र पशु बिज्ञान) कार्यक्रमको प्रथम वर्ष प्रथम खण्डको आंशिक परीक्षा मात्र।***

**शर्तहरु:**

१. शिक्षालयले शैक्षिक सत्र २०७७/०७८ (ई.सं २०२०) देखि ITMS Online बाट रजिष्ट्रेशन कायम भएका माथि उल्लेखित सम्पुर्ण कार्यक्रमका परीक्षार्थीहरुको नियमित/आंशिक परीक्षा आवेदन फाराम ITMS Online बाट शिक्षालयले आफ्नो User बाट Login गरी नियमितका लागि सेतो र आंशिकका लागि पहेंलो A4 साइजको कागजमा प्रिन्ट गरी परीक्षार्थीहरुलाई बितरण गर्नुपर्नेछ।

२. नियमित तर्फ आंगिक, सामुदायिक र परिषद्सँग साझेदारी गरी संचालित शिक्षण संस्थाहरुको सेमेष्टर परीक्षा प्रणालीको हकमा प्रति बिद्यार्थी रु ५००। तथा निजी शिक्षण संस्थाको हकमा रु २,०००। र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ। साथै नियमित शुल्कको समय भित्र Web based online system मा फाराम Entry नगरेमा विलम्व शुल्क समेत लाग्नेछ।

३. विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत परीक्षा आवेदन फाराम शुल्क निजी शिक्षण संस्था सरह लाग्नेछ र बिलम्ब शुल्कमा प्रति विद्यार्थी नियमित परीक्षा शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

४. आंशिक परीक्षार्थीको हकमा एक सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि परीक्षा शुल्क रु. ३००।- र प्रत्येक थप सैद्धान्तिक वा प्रयोगात्मक विषयको लागि रु. १५०।- का दरले नियमित शुल्कमा र बिलम्व शुल्क प्रति विद्यार्थी तोकिएको शुल्कको दोब्बर दस्तुर बुझाउनु पर्नेछ।

५. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम बुझाउंदा बिषयगत नियमित तथा आंशिक एवं नयां तथा पुरानो पाठयक्रमको छुट्टाछुट्टै फायल खडा गरी शुल्क बुझाएको रसिद संलग्न गरी परिषद्का प्रदेश कार्यालयहरुमा तोकिएको मिति भित्र दर्ता गर्नुपर्नेछ।

६. सम्वन्धित शिक्षण संस्थाहरुले परीक्षा आवेदन फाराम शुल्क वापतको रकम नियमित शुल्क बुझाउने अन्तिम मिति तथा बिलम्व शुल्क बुझाउने अन्तिम मितिको भोलिपल्ट अनिवार्य रुपमा सम्बन्धित प्रदेश कार्यालयको बैक खातामा रकम जम्मा गरी सक्कल बैंक भौचर ITMS Online मा सोही मितिमा Upload गर्नुपर्नेछ।

७. नियमित तर्फका जेहेन्दार तथा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति प्राप्त परीक्षार्थीहरुलाई परीक्षा शुल्क लाग्ने छैन।

८. आंशिक परीक्षार्थीको हकमा शैक्षिक शत्र २०७७/०७८ (ई. सं. २०२०) देखि भर्ना भई रजिष्ट्रेशन भएका विद्यार्थीहरुले मात्र परीक्षा आवेदन फाराम भर्न पाउंनेछन्। सम्पुर्ण कार्यक्रमहरुको Online आवेदन फारामहरु Web based online system मा entry गरी कार्यक्रमगत समष्टिगत फाराम क्रमानुसार मिलाई Printed Copy समेत एक प्रति सोही फाइलमा संलग्न गर्नुपर्नेछ।

९. आंशिक परीक्षार्थीहरुको हकमा आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरुको मात्र आन्तरिक मूल्यांकनको प्राप्तांक परीक्षा फाराममा तथा Web based online system मा Entry गरी एक प्रति प्रिन्ट गरी सही छाप गरी बुझाउनु पर्नेछ।

१०. नियमित तर्फ बार्षिक/सेमेष्टर परीक्षा प्रणालीका परीक्षार्थीहरुको परीक्षा आवेदन फारामहरु Web based online system मा entry गरी समष्टिगत अनुसार फारामको क्रमअनुसार मिलाई कार्यक्रम अनुसारको Internal Assessment र समष्टिगत फारामको Printed Copy समेत एक प्रति सोहि फाईलमा संलग्न गर्नुपर्नेछ।

११. आन्तरिक मूल्यांकन परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुमात्र अन्तिम परीक्षामा सामेल हुन पाउने छन्। आन्तरिक मूल्यांकन परीक्षामा अनुत्तीर्ण (NQ) परीक्षार्थीहरु अनुत्तीर्ण विषयको परीक्षामा सामेल भएमा निजको सो विषयको परीक्षा स्वतः रद्द हुनेछ।

१२. अन्य शिक्षण संस्थावाट रजिष्ट्रेशन भएका विद्यार्थीहरुको हकमा उक्त संस्थाको नाम परीक्षा आवेदन फाराममा उल्लेख गरी स्थानान्तरण पत्र संलग्न गर्नुपर्नेछ।

१३. परीक्षा शुल्क बापतको रकम दाखिला गर्ने परिषद्का प्रदेश कार्यालयहरुको **राष्ट्रिय बाणिज्य बैंक**को Current Account (चल्ती खाता) बिबरण यस प्रकार रहेको छ।

| क. | प्रदेश कार्यालय | बैंक खाताको नाम | बैंकको शाखा | बैंक खाता नं |
|---|---|---|---|---|
| १. | प्रा.शि.व्या.ता.परिषद्, कोशी प्रदेश कार्यालय, ईटहरी, सुनसरी | CTEVT Koshi Province Office | Itahari, Sunsari Branch | 2550100001278001 |
| २. | प्रा.शि.व्या.ता.परिषद्, मधेश प्रदेश कार्यालय, जनकपुर, धनुषा | CTEVT Province/2 | Pidarichowk, Janakpur Branch | 1520100002639001 |
| ३. | प्रा.शि.व्या.ता.परिषद्, बागमती प्रदेश कार्यालय, मकवानपुर, हेटौडा | CTEVT Bagmati Province Office | Hetauda Branch | 1300100003669001 |
| ४. | प्रा.शि.व्या.ता.परिषद्, गण्डकी प्रदेश कार्यालय, पोखरा, कास्की | Prabidhik Sikchaya Tatha Byabasayik | Pardi, Pokhara Branch | 3500100000234001 |

| | | | | |
|---|---|---|---|---|
| ५. | प्रा.शि.व्या.ता.परिषद्, लुम्बिनी प्रदेश कार्यालय, बुटवल, रुपन्देही | CTEVT Province-5 Aarjan | Rajmarg Chauraha, Butwal Branch | 3360100000361001 |
| ६. | प्रा.शि.व्या.ता.परिषद्, कर्णाली प्रदेश कार्यालय, बिरेन्द्रनगर, सुर्खेत | Prabidik Si. Bya. Ta. Kar. Pra (Aarjan) | Surkhet Branch | 4080100015528001 |
| ७. | प्रा.शि.व्या.ता.परिषद्, सुदुर पश्चिम प्रदेश कार्यालय, धनगढी, कैलाली | CTEVT Sudurpaschim Province Office (Aarjan) | Dhangadi Branch | 4170100006508001 |

माथि उल्लेखित खातामा शुल्क जम्मा गरेको सक्कल भौचर परीक्षा आवेदन फाराम साथ संलग्न गर्नु पर्नेछ ।

**नोटः**

१. प्रशिक्षार्थीहरुले सम्वन्धित शिक्षालयमा परीक्षा आवेदन फाराम बुझाउने मिति २०८२।१०।०६ गते देखि मिति २०८२।१०।२० गते दिनको ३:०० बजे सम्म

२. शिक्षालयले ITMS मा Online Entry गर्ने नियमित शुल्क मिति २०८२।१०।११ गते देखि मिति २०८२।१०।२० गते सम्म

३. शिक्षालयले परीक्षा आवेदन शुल्क बैंक दाखिला तथा ITMS Online मा voucher upload गर्ने नियमित शुल्कको अन्तिम मिति २०८२।१०।२१ गते

४. प्रशिक्षार्थीहरुले बिलम्ब शुल्कमा परीक्षा आवेदन फाराम सम्वन्धित शिक्षालयमा बुझाउने मिति २०८२।१०।२१ देखि मिति २०८२।१०।२७ गते सम्म

५. शिक्षालयले ITMS मा Online Entry गर्ने बिलम्ब शुल्क मिति २०८२।१०।२१ गते देखि मिति २०८२।१०।२७ गते सम्म

६. शिक्षालयले बिलम्ब शुल्कमा बैंक दाखिला तथा ITMS Online मा voucher upload गर्ने अन्तिम मिति २०८२।१०।२८ गते

७. सिम्बल नं एकमुष्ट Generate गर्नुपर्ने भएकाले परीक्षा आवेदन फाराम मिति २०८२।१०।२० गते भित्र नियमित शुल्कको तथा मिति २०८२।१०।२७ गते भित्रमा बिलम्ब शुल्कको Web Based Online System मा शिक्षण संस्थाहरुले Entry गरिसक्नुपर्नेछ ।

८. ITMS online मा दिइएको Online Payment मार्फत शुल्क बुझाउने शिक्षालयको हकमा प्रशिक्षार्थीको प्रवेश पत्र शिक्षालय स्वयंले प्रिन्ट गरी प्राचार्यले दस्तखत गरी शिक्षालयको छाप लगाई बितरण गर्नुपर्नेछ ।

९. मिति २०८२ फागुन १ गते नियमित तथा विलम्व शुल्कमा भरीएका परीक्षा आवेदन फाराम एकै साथ सम्बन्धित परिषद् प्रदेश कार्यालयमा बुझाउनु पर्नेछ ।

१०.सम्पूर्ण शिक्षण संस्थाहरुले पाठ्क्रमले निर्धारण गरेको पाठ्यभार अनुसार प्रशिक्षण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्नेछ ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**